कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प.स.: ०८१/०८२(प्रशासन)

च.नं. ८६३१

मिति २०८२।०२।१३

विषयः असल अभ्यास सँगालो कार्यक्रम सञ्चालन गर्न सहजीकरण गरिदिने सम्बन्धमा ।

श्री सुर्खेत जिल्लाका स्थानीय तहहरु सबै।

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार सफल उद्यमीहरुको सफलताको कथा सहितको असल अभ्यास सँगालोको बुकलेट तयार गर्ने सम्बन्धी सूचना यसैसाथ संलग्न छ। उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी त्यहाँ स्थानीय तहमा निवेदन पेश गरेका वा पालिकाको जानकारीमा रहेका उद्यमीहरुमध्येवाट छनौट गरी अधिकारिक निकायमा दर्ता भएका बढीमा दुई जना सफल उद्यमीको नामावली विवरण १५ दिनभित्र उपलब्ध गराइदिनु भइ सहयोग गरिदिनु हुन अनुरोध छ।

कार्यालय संम्पर्क विवरण:

ई-मेलः udyogkarnali@gmail.com

सम्पर्क नम्बरः 9844450504

नोटः वीरेन्द्रनगर नगरपालिकाको हकमा बढिमा चार जना सफल उद्यमीको विवरण पठाउनु पर्ने छ।

सतेन्द्र कुमार यादव

शाखा अधिकृत

शाखा अधिकृत

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत

**उद्यमीहरुले लेखेका आफ्ना सफलताको कथाहरु उपलब्ध गराउने सम्बन्धी सूचना**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट सीप विकास तालिम लिएका वा अनुदान सहयोग प्राप्त गरी वा निजी पहलमा उद्योग व्यवसाय सञ्चालन मार्फत आफ्नो जीवन रुपान्तरण गरेका उद्यमीहरुका सफलताको कथा सहितको बुकलेट तयार गर्ने उद्देश्यले कर्णाली प्रदेश सरकारबाट **असल अभ्यास कार्यक्रम** स्वीकृत भएको व्यहोरा अनुरोध गर्दै उक्त कार्यक्रममा संलग्न हुन चाहने उद्यमीहरुले आफ्नो उद्योग तथा उद्यमीको सम्बन्धमा लेखेका आफ्ना सफलताको कथाहरु सम्बन्धित स्थानीय तहको उद्योग शाखा वा यस निर्देशनालयको ई-मेल ठेगाना वा निर्देशनालयका सम्बन्धित शाखाका कर्मचारी समक्ष यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

**अन्य विस्तृत व्यहोराको जानकारीको लागिः** ९८४४५०५०४ र ९८५८०६०१३७

**इमेल ठेगानाः** udyogkarnali@gmail.com